## मिति २०८३/०४/२२ गते शुक्रबार बसेको ९० औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | गत बैठकको समीक्षा | गत नगरकार्यपालिकाको बैठकबाट भएका निर्णय र सो को कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो। |
| २. | करार कर्मचारीको म्याद थप सम्बन्धमा | **करार कर्मचारीको म्याद थप सम्बन्धमा**<br>नगरसभाको निर्णय बमोजिम तारकेश्वर नगरपालिका र अन्तरगतका निकायमा करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन, सेवाको आवश्यकता तथा कार्यालयको कार्यबोझलाई समेत मध्यनजर गरी २०८३ पौष मसान्तसम्मको लागि करार सेवाको म्याद थप गर्ने निर्णय गरियो।<br>**कार्यक्रमगत करार कर्मचारीको तलब निर्धारण सम्बन्धमा**<br>कार्यक्रमगत करारमा कार्यरत कर्मचारीहरूको सेवा निरन्तरता तथा सम्बन्धित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आ.व. २०८३/०८४ मा सम्बन्धित पदका लागि तोकिएको **शुरु तलब स्केलअनुसार करार सम्झौता गर्ने** निर्णय गरियो।<br>**पशु चिकित्सकको तलब भत्ता भुक्तानी सम्बन्धमा**<br>नगरपालिकाको पशुपन्छी शाखामा कार्यरत पशु चिकित्सक **डा. उपासना मानन्धर**को सेवा नगरपालिकाको पशु स्वास्थ्य तथा पशुपन्छीसम्बन्धी सेवा प्रवाहका लागि आवश्यक रहेको हुँदा निजको सेवा निरन्तरताका लागि **तीन महिनाको तलब तथा भत्ता नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी गर्ने** तथा अन्य महिनाको तलबको लागि संघीय सरकारसँग बजेट व्यवस्थापनको लागि अनुरोध गर्ने निर्णय गरियो।<br>**करार तथा दैनिक ज्यालादारी कर्मचारीलाई चाडपर्व खर्च तथा पोषाक भत्ता सम्बन्धमा**<br>नगरपालिकामा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूबाट नियमित तथा आवश्यक सेवा प्रवाह भइरहेको र कर्मचारीको मनोबल तथा सेवा निरन्तरतामा समेत सकारात्मक प्रभाव पर्ने भएकाले **वर्षमा एकपटक चाडपर्व खर्च तथा पोषाक भत्ता उपलब्ध हुने गरी करार सम्झौता गर्ने** निर्णय गरियो।<br>**गरिबसँग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकको पारिश्रमिक सम्बन्धमा**<br>गरिबसँग विश्वेश्वर कार्यक्रममा कार्यरत सामाजिक परिचालकबाट तोकिएको कार्यक्रमका अतिरिक्त नगरपालिकाबाट **वडा नं. २ मा समेत थप कार्यसम्पादन गराइरहेको** तथा उक्त अतिरिक्त जिम्मेवारीअनुसार पारिश्रमिक व्यवस्थापन गर्न आवश्यक देखिएको हुँदा सम्बन्धित कार्यविधि थप कार्य गर्न लगाएमा स्थानीय तहले व्यवस्था गर्न सक्ने भन्ने उल्लेख भए बमोजिम **कार्यालय सहयोगीको शुरु** |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | तलब स्केल बराबरको तलब थप गरी आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय गरियो। |
| ३. | करदाता शिक्षा कार्यक्रम संचालन गर्ने सम्बन्धमा | तारकेश्वर नगरपालिकाको करको दर घटाउने दायरा बढाउने नीति अनुरुप यस नगरपालिकाको आयोजनामा आ.व. २०७९।०८० देखि निरन्तर रुपमा नगरपालिका कार्यालय, राजस्व परामर्श समिति, नगर प्रहरी र वडा कार्यालयबाट समेत निरन्तर करदाता शिक्षा कार्यक्रम अन्तर्गत स्थलगत रुपमा अनुगमन, निरिक्षण गरिरहेको कार्यलाई चालु आ.व. मा समेत निरन्तरता दिई व्यवसाय दर्ता प्रक्रियालाई थप व्यवस्थित र करको दायरामा ल्याउन आवश्यक पर्ने समन्वय तथा सहकार्यका लागि उप-प्रमुखको संयोजकत्वमा राजश्व परामर्श समितिका सबै सदस्यहरु सदस्य रहने गरि नगर स्तरीय करदाता शिक्षा कार्यक्रम मूल संचालन समिति र सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा राजश्व शाखाको प्रतिनिधि – १, भवन नियमन शाखाको प्रतिनिधि – १; सम्बन्धित वडाको वडा सचिव – १ र नगर प्रहरी १ जना रहने गरि वडा स्तरीय करदाता सचेतना कार्यक्रम संचालन उपसमिति गठन गरि करदाता शिक्षा कार्यक्रममा स्थलगत रुपमा खटिने पदाधिकारी तथा कर्मचारीहरुलाई नियमानुसार भत्ता तथा अन्य सुविधा उपलब्ध गराउने। |
| ४. | आ.व. २०८३/०८४ को योजना कार्यान्वयन सम्बन्धमा | आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा समावेश योजनाहरू प्रचलित कानूनबमोजिम समयमै कार्यान्वयन गर्ने। सम्बन्धित शाखा तथा वडा कार्यालयले योजना कार्यान्वयनका लागि आवश्यक प्रक्रिया यथाशीघ्र अघि बढाई नियमित अनुगमन तथा प्रगति प्रतिवेदन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। |
| ५. | विज्ञापन वापतको दस्तुर फिर्ता सम्बन्धमा | आर्थिक वर्ष २०८०/०८१ मा करार सेवामा कर्मचारी भर्नाका लागि प्रकाशित विज्ञापनबमोजिम उम्मेदवारहरूबाट संकलन गरिएको विज्ञापन दस्तुर परीक्षा सञ्चालन हुन नसकी प्रक्रिया अघि बढ्न नसकेको हुँदा सम्बन्धित उम्मेदवारलाई विज्ञापन दस्तुर फिर्ता गर्ने निर्णय गरियो। |
| ६. | विपद् व्यवस्थापन सम्बन्धमा | नगरपालिका क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी, राहत सामग्री तथा उपकरणको व्यवस्थापन गर्ने र विपद् भएमा तत्काल खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सम्बन्धित निकाय तथा वडा कार्यालयसँग आवश्यक समन्वय गर्ने निर्णय गरियो। |
| ७. | बजार अनुगमनबाट प्राप्त राजश्व दाखिला पश्चातको प्रोत्साहन रकम तथा सो सम्बन्धी तारकेश्वर नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ प्रथम संशोधन-२०८३ सम्बन्धमा | तारकेश्वर नगरपालिकामा स्वच्छ, स्वस्थ, गुणस्तरीय तथा मर्यादित बजार प्रणालीको विकास, उपभोक्ता हित संरक्षण, वातावरणीय स्वच्छता कायम गर्ने, बजार अनुगमन कार्यबाट राजश्व चुहावट नियन्त्रण गर्ने, तथा प्रभावकारी बजार अनुगमनलाई प्रोत्साहन गर्ने उद्देश्यले उपभोक्ता हित संरक्षण समिति, बजार अनुगमन टोली वा निरीक्षण अधिकृत फिल्डमा खटिई गरेको सिफारिसमा बजार अनुगमनबाट असुल भई नगरपालिकाको राजश्व खातामा विधिवत् दाखिला भएको दण्ड, जरिवाना तथा फिल्डमा खटिई अन्य कानुनबमोजिम प्राप्त राजश्व रकममध्ये २५ (पच्चिस) प्रतिशत रकम यस तारकेश्वर नगरपालिकाको आर्थिक ऐन-२०८३ मा व्यवस्था भए बमोजिम उक्त राजश्व चुहावट रोक्न/नियन्त्रण गर्न, बजार |